# लिखु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## यसम, ओखलढुंगा
### कोशी प्रदेश, नेपाल

सूचना.नं.: ४०

मितिः २०८०/१२/२६

**अपाङ्गता भएका व्यक्तिहरुको पहिचान, स्वास्थ्य परिक्षण, परिचय-पत्र वितरण तथा आवश्यकता पहिचान शिविर संचालन सम्बन्धी सूचना !!**

प्रस्तुत विषयमा लिखु गाउँपालिका, कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्राललय र करुणा फाउण्डेसन नेपालको संयुक्त साझेदारी तथा राष्ट्रिय अपाङ्ग महासंघ नेपालको प्राविधिक सहयोगमा लिखु गाउँपालिकामा सञ्चालन भईरहेको अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम अन्तर्गत सबै प्रकारको अपाङ्गता भएका व्यक्तिहरुको पहिचान, स्वास्थ्य परिक्षण, परिचय-पत्र वितरण तथा अगामी दिनको लागि आवश्यकता पहिचान गर्न तपसिल अनुसारको मिति, स्थान र समयमा अपाङ्गता भएका व्यक्तिहरुको पहिचान, स्वास्थ्य परिक्षण, परिचय-पत्र वितरण तथा आवश्यकता पहिचान शिविर संचालन हुने भएकोले सबै प्रकारको अपाङ्गता भएका व्यक्तिहरुलाई आफुलाई पायक पर्ने सम्बन्धित वडाको शिविर संचालन हुने स्थानमा उपस्थित भईदिनुहुन सम्बन्धित सबैमा यो सुचना प्रकाशन गरिएको छ।

**तपसिल**

| क्र.स. | मिति | वडा | शिविर सञ्चालन हुने स्थान | समय |
|---|---|---|---|---|
| १ | २०८१/०१/०३ | लिखु-१ | स्वास्थ्य चौकी, सिंहदेवी | बिहान ९ देखि ४ बजे सम्म |
| २ | २०८१/०१/०४ | लिखु-३ | स्वास्थ्य चौकी , नर्मदेश्वर | बिहान ९ देखि ४ बजे सम्म |
| ३ | २०८१/०१/०५ | लिखु-२ | वडा कार्यालय भवन | बिहान ९ देखि ४ बजे सम्म |
| ४ | २०८१/०१/०६ | लिखु-४ र ५ | लिखु गाउँ कार्यपालिकाको कार्यालय, सभाहल | बिहान ९ देखि ४ बजे सम्म |
| ५ | २०८१/०१/०७ | लिखु-६ | स्वास्थ्य चौकी, गाम्नाङटार | बिहान ९ देखि ४ बजे सम्म |
| ६ | २०८१/०१/०८ | लिखु-७ | वडा कार्यालय भवन | बिहान ९ देखि ४ बजे सम्म |
| ७ | २०८१/०१/०९ | लिखु- ८ | स्वास्थ्य चौकी, टारकेराबारी | बिहान ९ देखि ४ बजे सम्म |
| ८ | २०८१/०१/१० | लिखु-९ | स्वास्थ्य चौकी, पोकली | बिहान ९ देखि ४ बजे सम्म |
| ९ | २०८१/०१/११ | लिखु-९ | वडा कार्यालय भवन | बिहान ९ देखि ४ बजे सम्म |

**क) अपाङ्गता भएका व्यक्तिले शिविरमा आउदा ल्याउनु पर्ने कागजातहरू :-**

१) अपाङ्गता भएका व्यक्तिको नागरिकताको सक्कल प्रमाणपत्र र सोको १ प्रति फोटोकपी,

२) अपाङ्गता भएका व्यक्ति नाबालिग भएको हकमा जन्म दर्ताको सक्कल प्रमाणपत्र र सोको १ प्रति फोटोकपी,

३) अपाङ्गता भएका व्यक्तिको पासपोर्ट साइजको फोटो २ प्रति,

४) अपाङ्गता परिचप पत्र लिइसकेको भए अपाङ्गता परिचय पत्रको सक्कल र सोको १ प्रति फोटोकपी ।

२०८०।१२।२६

लिलाराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

थप जानकारीको लागी सम्पर्क नं. :- ९८४७४५१६२७, ९८१९३१९६८३, ९८६२८७२३१०, ९८४१५८६९३६

Web: likhumunokhaldhunga.gov.np
Email: info@likhumunokhaldhunga.gov.np, likhurmokhaldhunga@gmail.com

लिखु गाउँपालिकाको दृष्टिः सुशासन मार्फत समृद्धि